# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८२/८/२८

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: Service Group - Judicial Related Subject

**<u>तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।</u>**

१. नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलो पटक व्यवस्था गरिएको न्याय परिषदले त्यसको संरचनामा भएको सामान्य हेरफेर सहित निरन्तर रूपमा स्वतन्त्र न्यायपालिकाको महत्वपूर्ण निकायका रूपमा कार्य गरी आएको छ। नेपालको संविधानको धारा १५३ ले न्याय परिषदलाई सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको नियुक्ति र सरुवा सम्बन्धमा सिफारिस गर्ने लगायतका प्रशासनिक र न्यायाधीशको कामकारबाही सम्बन्धमा अनुशासनात्मक कारबाही र बर्खासीसम्मका विषयमा सिफारिस गर्ने नियमनकारी अधिकार प्रदान गरेको छ।

न्याय परिषदले आफूलाई संविधानले प्रदान गरेको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, पारदर्शी र प्रभावकारी रूपमा गर्न नसकेको आरोप बेलाबेलामा लाग्ने गरेको देखिन्छ। कतिपय टिप्पणीकर्ताहरूले यसको संरचनालाई दोष दिने गरेको पनि पाइन्छ। न्याय परिषदको संरचनामा अध्यक्षको रूपमा रहने प्रधानन्यायाधीश र सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश बाहेकका अन्य तीनजना सदस्यहरू राजनीतिक पृष्ठभूमिका हुने भएकोले न्याय परिषदका अधिकांश निर्णयहरू राजनीतिक हस्तक्षेपबाट मुक्त नरहेको पनि बताइन्छ। कतिपय अवस्थामा त सरकार र संसदमा रहेका राजनीतिक दलका कोटामा नियुक्त भएका न्यायाधीश नै पछि प्रधानन्यायाधीश वा वरिष्ठतम् न्यायाधीश बन्न पुग्दा न्याय परिषदमा न्यायपालिकाको स्वतन्त्र प्रतिनिधित्व नरहने अवस्था आउन सक्ने भनि शंका व्यक्त गर्ने गरेको पनि देखिन्छ।

न्याय परिषदले गर्ने न्यायाधीश नियुक्ति लगायतका सिफारिसहरू निष्पक्ष, पारदर्शी र योग्यतामा आधारित नभएसम्म न्यायपालिकाले संविधानले परिकल्पना गरे अनुरूप कार्य गर्न सक्दैन। यसैगरी खराब आचरण भएका, आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगर्ने र कार्यक्षमताको अभाव भएका न्यायाधीशहरूका सम्बन्धमा निर्मम भएर कारबाही गर्न सकिएन भने न्यायपालिकामा दण्डहिनता बढ्न गई समग्र न्यायपालिकाप्रति नै जनताको भरोसा घट्न जान्छ। न्यायपालिकालाई जनताको न्यायको अपेक्षा पूरा गर्ने अन्तिम आश्रयस्थलका रूपमा लिइन्छ। न्यायपालिकाको कार्यको निष्पक्षता, सक्षमता, पारदर्शीता र प्रभावकारिताले नै न्यायपालिकाप्रति जनताको आस्था कायम रहन्छ भन्ने कुरामा दुईमत हुन सक्दैन।

उपरोक्त पृष्ठभूमिलाई ध्यानमा राख्दै निम्न प्रश्नहरूको तर्कपूर्ण उत्तर दिनुहोस्: ९+६+१०=२५

क) नेपालको संविधानको धारा १५३ मा व्यवस्था गरिएको न्याय परिषदको संरचनाले वर्तमान आवश्यकतालाई कुन हदसम्म पूरा गरेको पाउनुहुन्छ ? के तपाईं यसमा कुनै परिमार्जनको आवश्यकता देख्नुहुन्छ ? उल्लेख गर्नुहोस्।

ख) न्यायपालिकाभित्र महत्वपूर्ण भूमिका निर्वाह गर्ने न्यायाधीशहरूको नियुक्ति र सरुवा गर्ने प्रशासनिक भूमिका र अनुशासनात्मक कारबाही वा बर्खासीसम्म गर्ने नियमनकारी भूमिका एउटै निकाय अर्थात् न्याय परिषदलाई दिनु कति उचित हुन्छ ? जसले नियुक्ति गर्छ उसैले कारबाही गर्नुपर्दा कुन हदसम्म निष्पक्षता र वस्तुनिष्ठताको अपेक्षा गर्न सकिन्छ ? प्रकाश पार्नुहोस्।

ग) नेपालको संविधानको धारा १३६ ले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशलाई सुम्पेको परिप्रेक्ष्यमा न्याय परिषदमा प्रधानन्यायाधीशको हालको अधिकार र भूमिकालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? संविधानको धारा १३६ ले प्रधानन्यायाधीशलाई सुम्पेको जिम्मेवारीलाई धारा १५३ ले निस्तेज गरिदिएको छ भन्ने तर्कसँग तपाईं कति सहमत हुनुहुन्छ ? सैद्धान्तिक एवं व्यवहारिक आधार र कारण उल्लेख गर्नुहोस्।

२. हरेक राष्ट्रको संविधानलाई मूल कानूनको रूपमा चिनिन्छ । संविधानमा लेखिएका अक्षरहरूबाटै राष्ट्रको शासकीय संरचना लगायत राज्य सञ्चालनको ढाँचा र स्वरूप तय हुने हुन्छन् । संविधान अपरिवर्तनीय दस्तावेज होइन तर यो ऐन नियम जस्तो सहजरूपमा नयाँ निर्माण, संशोधन वा खारेजमा परिहाल्ने दस्तावेज पनि होइन । संसदीय शासन प्रणालीको जननी मानिने बेलायतमा लिखित संविधान छैन तर संवैधानिक नियम, कानून र संवैधानिक परम्पराहरूद्वारा राज्य शासन पद्धति सञ्चालन र नागरिक-व्यक्तिका नैसर्गिक मानव अधिकार संरक्षित छन् । करिब अढाई सय वर्ष अघि जारी भएको छोटो स्वरूपको अमेरिकी संविधानले त्यहाँका विभिन्न राज्यहरूलाई एकसुत्रमा बाँधी आएको छ, समयसापेक्ष संशोधन हुँदै पनि आएको छ । विदेशी बिज्ञले बनाइदिएको जापानको संविधानलाई जापानीहरूले स्वीकार गरी स्वामित्व लिई त्यसैका आधारमा राज्य सञ्चालन भई आएको लामो समय भइसकेको छ । छिमेकी राष्ट्र भारतमा नै पनि संविधान जारी भई प्रभावकारी रूपमा लागू र कार्यान्वयन भएको चौहत्तर वर्ष भइसकेको छ । यी देशहरूमा बढी व्याख्या र समयानुकुलको संशोधनबाट संविधानलाई जीवन्त बनाइएको छ, अनि सबै नागरिकका स्वीकार्य दस्तावेज भएको छ ।

हाम्रो देश नेपालमा नेपाल सरकार वैधानिक कानून, २००४ बाट शुरु भएको संवैधानिक यात्राको क्रममा वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भई लागू हुँदासम्म सातवटा संविधान प्राप्त गरिसकेका छौं । तर जतिवटा संविधान जारी भएतापनि जनताका समस्या समाधान हुन सकिरहेको पाइँदैन । यसमा संविधानलाई नै दोष दिने पनि गरिन्छ । कतिपय संविधान त एक पटक पनि संशोधन नगरी खारेज भई अर्को संविधान जारी भएका छन् । अहिले संविधान सभाबाट बनेको संविधान हामी कहाँ छ, जुन संसारमा थोरै देशमा होलान् । तर पनि देशमा रहेका हरेक समस्याको जड संविधान नै हो भनी संविधानलाई दोष दिने गरिन्छ । हरेक आन्दोलनले संविधानलाई नै निशाना बनाएको पाइन्छ । अहिले पनि संविधानको संशोधन वा यसको व्याख्यात्मक विकास भन्दा पनि समस्या त संविधान नै हो भन्ने भाष्य सिर्जना गरी यो संविधान खारेज गरी नयाँ संविधान जारी गर्नुपर्ने तर्कहरू गरिँदैछन्, कतिपयले अहिले नै तत्काल आफुले भने अनुसार संविधान संशोधन गरिहाल्नु पर्छ भन्ने माग गरिरहेको पनि सुनिन्छ ।

यस पृष्ठभूमिमा देशमा सुशासन अभिवृद्धि हुन नसक्नु, शान्ति र अमनचयन कायम हुन नसक्नु, आर्थिक विकास र समृद्धि हुन नसक्नुमा संविधान कारक रहेको भन्ने कुरामा कति सहमत हुनुहुन्छ ? संविधानमा भएका कतिपय प्रावधानले नै समस्याको सिर्जना गरेका हुन् भन्ने ठान्नुहुन्छ भने वर्तमान संविधानको के कुन प्रावधानको संशोधन आवश्यक देख्नुहुन्छ ? देशको संवैधानिक विकासक्रमको लागि के कस्तो संवैधानिक प्रक्रिया, पद्धति वा उपायको अवलम्बन गर्नु उपयुक्त हुन्छ ? संवैधानिक विधिशास्त्र, संविधानवादको व्यवहारिक अभ्यास, उत्तम अभ्यास भएका अन्य मुलुकको अनुभवसमेतको आधार लिई आफ्नो विधिशास्त्रीय दृष्टिकोण प्रस्तुत गर्नुहोस् । ५+६+६+८=२५

३. हालका केही दशक यता न्याय र कानूनको क्षेत्रमा उल्लेख्य विधिशास्त्रीय विकास भएको पाइन्छ । अदालत मुद्दा फैसला गर्ने आधिकारिक निकाय मात्र हो र यसको प्रचलित संविधान र कानूनको आधारमा आफ्नो कार्यसीमा रहेको हुन्छ भन्ने न्यायको परम्परागत वा पुरानो अवधारणामा परिवर्तन आई न्यायालयले फैसला वा विवादको समाधान गर्दा न्यायको अनुभूति कसरी भएको छ ? न्याय प्रदान गर्दा अवलम्बन गरिएको प्रक्रिया कस्तो छ ? सर्वसाधारणको न्यायमा पहुँचको अवस्था के छ ? न्यायिक सुशासन, न्यायमा समानता कसरी कायम गरिएको छ ? भन्ने अवधारणाबाट नै आधुनिक विधिशास्त्रको विकास हुँदै आएको पाइन्छ । वर्तमानको न्याय व्यवस्था भनेको सारभूत कानूनको निर्माण र सो अनुरूपको फैसला मात्र नभएर पहुँचयोग्य, स्वच्छ, छिटो, छरितो, प्रभावकारी, विश्वासयोग्य र समानतामा आधारित न्यायिक सेवा (Justice Service) को व्यवस्था हो भन्ने मान्यता विकास भएको देखिन्छ । विश्वव्यापी रूपमा भएका यी विकासलाई हेर्दा विभिन्न मुलुकका कानून तथा न्याय प्रणाली अलग अलग हुने भएतापनि विकसित विधिशास्त्र समान रूपमा लागू हुन सक्ने, अन्तर्राष्ट्रिय कानूनको विकासमा समेत समाविष्ट भई सर्वमान्य मापदण्डको रूपमा रही व्यापक रूपमा स्वीकार्य रहेका पाइन्छन् । तसर्थ, न्याय र कानूनको क्षेत्रमा विकसित विभिन्न आयामहरू (Dimensions) ले अदालत केन्द्रित न्याय (Court Centric Justice) बाट उपभोक्ता केन्द्रित न्याय (User Centric Justice) को अवधारणा विकास भएको मानिन्छ । यसको प्रभाव नेपालको कानून तथा न्याय प्रणालीमासमेत सकारात्मक रहेको देखिन्छ । नेपालको संविधान तथा कानूनमा लैङ्गिक न्याय, बाल न्याय, समावेशी र समानतामा आधारित न्याय, वातावरणीय न्याय लगायतका विभिन्न आयामहरूमा ठूलो परिवर्तन भई सुधार हुँदै आएको पाइन्छ । नेपालको सर्वोच्च अदालतबाट भएका व्याख्या तथा प्रतिपादित सिद्धान्तहरूले आधुनिक विधिशास्त्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । खासगरी लैङ्गिक न्याय, महिलाको प्रजनन स्वास्थ्य अधिकार, बाल न्याय, न्यायमा सहज पहुँचको अधिकार, जबरजस्ती करणीको विषय, वातावरणीय न्याय, संक्रमणकालिन न्याय लगायतका विषयमा विकसित विधिशास्त्र अन्तर्राष्ट्रिय स्तरमासमेत महत्वपूर्ण मानिँदै आएको पाइन्छ । तथापि, सर्वोच्च

अदालतबाट भएका यस्ता विधिशास्त्रीय विकास तथा न्याय र कानूनका विभिन्न आयामहरूमा विकसित अवधारणाहरू अनुरूप नेपाल कानूनमा रूपान्तरण गर्ने, व्यवहारमा कार्यान्वयन गर्ने, न्यायिक सुशासन र अनुशासन पालना गर्ने कार्य प्रभावकारी रूपमा हुन नसकेको, अदालतबाट भएका परमादेश लगायत निर्देशनात्मक आदेशको कार्यान्वयनमा समेत प्राथमिकता नदिएको र वास्तविक अर्थमा न्यायको पूर्ण अनुभूति गर्ने वातावरण निर्माण हुन सकिरहेको छैन भन्ने टिप्पणी हुने गरेको पनि सुनिन्छ।

यस पृष्ठभूमिमा निम्न प्रश्नहरूको जबाफ दिनुहोस् : ७+८+१०=२५

क) सर्वव्यापी रूपमा मान्यता रहेका (Universally Recognized) न्यायका आधुनिक आयामहरूको सविस्तार चर्चा गर्दै लैङ्गिक न्याय, बाल न्याय, वातावरणीय न्यायमा पारेको प्रभावको बारेमा प्रकाश पार्नुहोस्।

ख) नेपालको सर्वोच्च अदालतले आधुनिक विधिशास्त्रीय विकासमा के कस्तो योगदान पुऱ्याएको छ ? जबरजस्ती करणी, लैङ्गिक न्याय, प्रजनन स्वास्थ्य अधिकार र संक्रमणकालिन न्यायका सम्बन्धमा प्रतिपादित सिद्धान्तहरूको आधारमा चर्चा गर्नुहोस्।

ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा सो आधारमा भएका विभिन्न आदेश तथा निर्णयको कार्यान्वयनमा के कस्ता समस्या र चुनौतीहरू रहेको पाउनुहुन्छ ? सोको निराकरण कसरी गर्नु उपयुक्त होला ? सुझाव प्रस्तुत गर्नुहोस्।

४. अदालतका फैसला वा संवैधानिक निकायका सिफारिसहरूको कार्यान्वयन कार्यकारिणी निकायबाट गरिने हो। तर कार्यकारी संयन्त्रहरू पीडितलाई न्याय दिने सम्बन्धमा संवेदनशील देखिँदैनन्। न्याय वा उपचारको घोषणालेमात्र पीडकहरू स्वतः दण्डित हुने होइनन्, उनीहरूलाई दण्डित गर्न फैसला वा सिफारिसको कार्यान्वयन हुनै पर्दछ। कानून उल्लंघनकर्ता वा पीडकहरूले कानून कार्यान्वयन गर्ने संयन्त्रहरूमा आफ्नो प्रभाव कायम राख्न सफल भईरहनुले पनि फैसला वा सिफारिस कार्यान्वयनमा चुनौती थपिएको छ। यस्तो अवस्थामा पीडितको पक्षमा आएका फैसला र संवैधानिक निकायका सिफारिसहरू कार्यान्वयन गरी पीडितको राज्य प्रतिको विश्वास अभिवृद्धि गर्ने कार्यका लागि के कस्ता प्रबन्ध गर्नुपर्ने हो ? विद्यमान संस्थागत व्यवस्था के कस्तो छ र यसमा के कस्तो सुधार गर्नुपर्ने देख्नुहुन्छ ? समीक्षात्मक विश्लेषण गर्नुहोस्। १०+१५=२५

<<समाप्त>>